# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.:

मितिः २०८२/१२/१९

विषयः रोजगारदाताको सूचीमा दर्ता हुने सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १३, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ९ र एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा ६ बमोजिम यस स्थानीय तह अन्तर्गत रहेका रोजगारदाताहरुको सूची दर्ता एवम् अद्यावधिक गर्नुपर्ने भएकोले यस गाउँपालिका अन्तर्गतका सरकारी, गैर सरकारी, सहकारी तथा निजी क्षेत्रका रोजगारदाताहरुले तोकिएको ढाँचा अनुसार आवश्यक विवरणहरु खुलाई मिति २०८२ चैत्र २४ गतेभित्र यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा दर्ता एवम् अद्यावधिक गर्नुहुन सम्पूर्ण रोजगारदाताहरुलाई अनुरोध छ ।

## रोजगारदाताले भर्ने विवरणको ढाँचा

| रोजगारदाताको नाम | ठेगाना | रोजगारदाताको प्रकृती उद्योग/व्यवसाय/ उत्पादनमूलक/सेवामूलक /अन्य | हाल कार्यरत जनशक्ति/दरबन्दी संख्या | रिक्त रहेको र आवश्यक पर्ने जनशक्तिको किसिम/ सीप र आवश्यक योग्यता | रोजगारी उपलब्ध गराउन सक्ने स्थान | कामको प्रकृतिः स्थायी/अस्थायी /करार/दैनिक ज्यालादारी | एक आर्थिक वर्षमा रोजगारी प्रदान गर्न सक्ने अवधि | रोजगारदाता को दस्तखत र छाप |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

*पुनश्चः रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (झ) अनुसार "रोजगारदाता" भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।*

*थप जानकारीको लागि ९८५७०८८६१५ मा सम्पर्क गर्न सक्नुहुनेछ ।*

२०८२/१२/१९

नेत्र प्रसाद पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत